"हल्दीबारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झापा, कोशी प्रदेश, नेपाल

प.सं.- २०८२/०८३
च.नं.- ४६९

मिति २०८२/०५/०३

विषयः जानकारी सम्बन्धमा ।

श्री सम्बन्धित विद्यालयहरु,
हल्दीबारी गाउँपालिका, झापा ।

प्रस्तुत विषयमा नेपाल सरकारले यस हल्दीबारी गाउँपालिका अन्तर्गतका माध्यमिक तह (९-१०) र आधारभूत तह (६-८) सञ्चालित सामुदायिक विद्यालयमा यस आ.व २०८२/०८३ मा तपसिलका विद्यालयहरूमा अंग्रेजी, गणित र विज्ञान विषयका लागि शिक्षण सहयोग अनुदान उपलब्ध गराएको व्यहोरा जानकारी गराईन्छ ।

सो सम्बन्धमा गाउँ कार्यापालिकाको मिति २०८२/०४/२८ गतेको निर्णयानुसार तपसिलका विद्यालयलाई विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नियमानुसार कार्य प्रक्रिया अगाडी बढाउन र दिपेन्द्र आधारभूत विद्यालयको हकमा १ जना शिक्षकको लागि मात्र शिक्षण अनुदान प्राप्त भएकाले अंग्रेजी, गणीत र विज्ञान विषयमध्ये विद्यालयको आवश्यकतालाई मध्येनजर गर्दै विद्यालय व्यवस्थापन समितिको निर्णय सहित नियमानुसार कार्य प्रक्रिया अगाडी बढाउन हुन अनुरोध छ ।

तपसिलः

| क.सं. | विद्यालयको नाम | शिक्षण अनुदान सङ्ख्या | विज्ञापन गर्नुपर्ने दरवन्दी सङ्ख्या (विषयगत रूपमा) | | |
|---|---|---|---|---|---|
| | | | अंग्रेजी | गणित | विज्ञान |
| १. | लक्ष्मी माध्यमिक विद्यालय | २ | १ | १ | |
| २. | सरस्वती माध्यमिक विद्यालय | १ | | १ | |
| ३. | पञ्चायत माध्यमिक विद्यालय | १ | | १ | |
| ४. | दिपेन्द्र आधारभूत विद्यालय | १ | | | |

२०८२/०५/०४

मान ब. दल (महेन्द्र)
प्रमुख प्रशासकीय अधिकृत

वेभसाईटः www.haldibarimun.gov.np
ईमेलः haldibariruralmunicipality123@gmail.com

"हल्दीवारीको दृष्टि, कृषि र पर्यटन मार्फत समृद्धि"

# हल्दीवारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## झापा, कोशी प्रदेश, नेपाल

प.सं.- २०८२/०८३

च.नं.- ४२०

मिति: २०८२/०५/०१

**विषय: शिक्षक कामकाज सम्बन्धमा।**

श्री सम्बन्धित विद्यालयहरु,

हल्दीवारी गाउँपालिका, झापा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको मिति २०८२/०४/२८ गतेको बैठकले सामुदायिक विद्यालयमा कार्यरत आधारभूत तह (१-५) का शिक्षकहरूलाई कामकाजको लागि खटाउने निर्णय भएको हुँदा तपसिल बमोजिमको शिक्षक कटौति भएका विद्यालयमा कार्यरत कनिष्ठ शिक्षकले यसैसाथ संलग्न ढाँचामा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयको शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्न हुन जानकारी गराईन्छ ।

तपसिल:

| क.सं. | कटौति हुने विद्यालयहरु | संङ्ख्या | क.सं. | थपिने विद्यालयहरु | संङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पञ्चायत मा.वि. | ४ | १. | जनता आ.वि | १ |
| २. | धनुषा आ.वि. | २ | २. | नव सृजना आ.वि. | १ |
| ३. | सरस्वती आ.वि. | १ | ३. | दुर्गादेवी आ.वि. | १ |
| | जम्मा | ७ | ४. | शान्ती आ.वि. | १ |
| | | | ५. | रामेश्वर आ.वि. | १ |
| | | | ६. | दिपेन्द्र आ.वि. | २ |
| | | | | जम्मा | ७ |

**द्रष्टव्य:**

१. अपाङ्ग र महिला शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ।

२. स्वेच्छिक निवेदन नपरेमा सम्वन्धित विद्यालयमा कार्यरत कनिष्ठ शिक्षकलाई कार्यालयको निर्णयानुसार कामकाजमा खटाइनेछ।

२०८२/०५/०१

मान ब. वन (महेन्द्र)

प्रमुख प्रशासकीय अधिकृत

वेबसाईट: www.haldibarimun.gov.np

ईमेल: haldibariruralmunicipality123@gmail.com

मिति:......................

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
हल्दीबारी गाउँपालिका, झापा ।

हल्दीबारी गाउँपालिकाको मिति.................. गतेको सूचना अनुसार सामुदायिक विद्यालयमा कार्यरत आधारभूत तह (कक्षा १-५) का शिक्षकहरूलाई कामकाजको लागि खटाउने निर्णय भएको हुँदा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन/नियम कार्यविधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाइदिनु हुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

कामकाम गर्न जान चाहेको विद्यालयको नामः(प्राथमिकताको आधारमा)

१.

२.

३.

४.

५.

६.

७.

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

निवेदक

दस्तखतः

नाम थरः

स्थायी ठेगानाः

तह/श्रेणीः

हाल कार्यरत विद्यालयको नामः

सिटरोल नं.

सम्पर्क नं.